नेपाल सरकार
# चिकित्सा शिक्षा आयोग
(परीक्षा निर्देशनालय)

☎ ०१-६६३९४१४, ६६३९४१५, ६६३९४१६
एक्स्टेन्सन : ६३३, ६३४, ६३५
वेबसाइट : www.mec.gov.np
इमेल: entrance@mec.gov.np
सानोठिमी, भक्तपुर ।

पत्र संख्या :-
चलानी नं. :-

मिति :- २०८१/०८/१३

## चिकित्सा शिक्षा स्नातकोत्तर तह (MECEE-PG 2025) का शैक्षिक कार्यक्रमहरूमा भर्नाका लागि एकीकृत प्रवेश परीक्षाको अनलाइन आवेदन आह्वानसम्बन्धी सूचना

शैक्षिक सत्र ०८१/८२ मा चिकित्सा शिक्षा स्नातकोत्तर तह (MECEE-PG 2025) का विभिन्न शैक्षिक कार्यक्रमहरूमा भर्नाका लागि विद्यार्थी छनौट गर्न सञ्चालन गरिने एकीकृत प्रवेश परीक्षामा सहभागी हुन इच्छुक योग्यता पुगेका उम्मेदवारहरूबाट मिति २०८१ मंसिर १७ गते बिहान १०:०० बजेदेखि २०८१ पौष ७ गते अपरान्ह ४:०० बजेसम्म नियमित दस्तुर बुझाई र २०८१ पौष ७ गते अपरान्ह ४:०० बजेपछि ऐ १४ गते अपरान्ह ४:०० बजेसम्म दोब्बर दस्तुर बुझाई अनलाइन माध्यमबाट आवेदन दिन आह्वान गरिएको छ । देहायका योग्यता पुगेका उम्मेदवारहरूले आयोगको अनलाइन दरखास्त प्रणाली https://entrance.mec.gov.np मार्फत आवेदन दिन सक्नेछन् ।

### १. एकीकृत प्रवेश परीक्षा सञ्चालन हुने शैक्षिक कार्यक्रम, परीक्षा सञ्चालन मिति र समय

| क्र.सं. | शैक्षिक कार्यक्रमको समूह | परीक्षा हुने मिति र समय |
|---|---|---|
| 1. | Doctor of Medicine/Master of Surgery(MD/MS)/NBMS Specialties | २०८१/१०/२६ गते ११:०० बजेदेखि २:०० बजेसम्म |
| 2. | MD Ayurveda | |
| 3. | Master in Nursing/Midwifery | |
| 4. | Master of Public Health (MPH) | २०८१/१०/२७ गते ११:०० बजेदेखि २:०० बजेसम्म |
| 5. | MPhil in Clinical Psychology | |
| 6. | Master in Dental Surgery (MDS) | २०८१/१०/२८ गते ११:०० बजेदेखि २:०० बजेसम्म |
| 7. | Master in Pharmacy (MPharm) | |
| 8. | Master of Science in Medical Imaging Technology (MSc MIT) | |
| 9. | MSc Clinical/Medical Biochemistry & MSc Clinical/Medical Microbiology | |
| 10. | Master in Optometry (M Optometry) | |
| 11. | Master in Physiotherapy (MPT) | |

नेपाल सरकार
# चिकित्सा शिक्षा आयोग
(परीक्षा निर्देशनालय)

☎ ०१-६६३९४१४, ६६३९४१५, ६६३९४१६
एक्स्टेन्सन : ६३३, ६३४, ६३५
वेबसाइट : www.mec.gov.np
इमेल: entrance@mec.gov.np
सानोठिमी, भक्तपुर ।

पत्र संख्या :-
चलानी नं. :-

२. न्यूनतम योग्यता

| S.N. | Academic Programs | Minimum Qualification |
|---|---|---|
| A. | MD/MS/NBMS Specialties | |
| 1 | MD Anesthesiology | - MBBS or equivalent<br>- Registered in respective Professional Council of applicant's country<br>- One-year clinical job experience for Nepalese Candidates after Nepal Medical Council Registration |
| 2 | MD Dermatology | |
| 3 | MD Internal Medicine | |
| 4 | MD Obstetrics & Gynecology | |
| 5 | MD Ophthalmology | |
| 6 | MD Pediatrics | |
| 7 | MD Psychiatry | |
| 8 | MD Radiodiagnosis | |
| 9 | MD Radiation Oncology | |
| 10 | MD Forensic Medicine | |
| 11 | MD Community Medicine | |
| 12 | MD Hospital Administration | |
| 13 | MD Emergency Medicine | |
| 14 | MD/MS Otorhinolaryngology (ENT) | |
| 15 | MS General Surgery | |
| 16 | MS Orthopedics/Orthopedics and Trauma Surgery | |
| 17 | MD Biochemistry/Clinical Biochemistry | - MBBS or equivalent<br>- Registered in respective Professional Council of applicant's country |
| 18 | MD Microbiology/Clinical Microbiology | |
| 19 | MD Pharmacology/Clinical Pharmacology | |
| 20 | MD Physiology/Clinical Physiology | |
| 21 | MD Pathology/Clinical Pathology | |
| 22 | MD General Practice and Emergency Medicine | |
| 23 | MS Anatomy/Clinical Anatomy | |
| 24 | **NBMS Specialties** | **- Eligibility criteria is same as relevant to MD/MS** |
| **B.** | **MDS** | |
| 1 | MDS Orthodontics & Dentofacial Orthopedics | - BDS or equivalent |

(signature) २

नेपाल सरकार
# चिकित्सा शिक्षा आयोग
(परीक्षा निर्देशनालय)

☎ ०१-६६३९४१४, ६६३९४१५, ६६३९४१६
एक्स्टेन्सन : ६३३, ६३४, ६३५
वेबसाइट : www.mec.gov.np
इमेल: entrance@mec.gov.np
सानोठिमी, भक्तपुर ।

पत्र संख्या :-
चलानी नं. :-

नेपाल सरकार चिकित्सा शिक्षा आयोग सानोठिमी, भक्तपुर

| S.N. | Academic Programs | Minimum Qualification |
|---|---|---|
| 2 | MDS Periodontology and Oral Implantology | - Registered in respective Professional Council of applicant's country<br>- One-year clinical job experience for Nepalese Candidates after Nepal Medical Council Registration |
| 3 | MDS Prosthodontics | |
| 4 | MDS Oral and Maxillofacial Surgery | |
| 5 | MDS Conservative Dentistry and Endodontics | |
| 6 | MDS Pedodontics and Preventive Dentistry | |
| 7 | MDS Oral Pathology | |
| 8 | MDS Oral Medicine and Radiology | |
| 9 | MDS Community Dentistry | |
| **C.** | **MPH** | |
| 1 | Master of Public Health/MSc. Public Health | - MBBS, BDS, BPH, BNS/BMS/BScNursing, BSc MLT/BMLT, BAMS, BPharm, BOptom, BSc. MIT, BASLP, BPT, B Perfusion Technology or equivalent.<br>- Registered in respective Professional Council of applicant's country |
| 2 | Master of Public Health and Nutrition (MPHN) | |
| 3 | Master in Health Promotion and Education (MHPE) | |
| 4 | Master in Public Health Service Management (MPHSM) | |
| **D.** | **MD Ayurveda** | |
| 1 | MD Ayurveda | - BAMS or equivalent<br>- Registered in respective Professional Council of applicant's country<br>- One-year clinical job experience for Nepalese Candidates after Nepal Ayurved Council Registration |
| **E.** | **Master in Nursing/Midwifery** | |
| 1 | MN Women Health development)/MSc Maternal Health | - BN/BNS/BSc Nursing /BMS (BMS is eligible only for MSc Midwifery program)<br>- Registered in respective Professional Council of applicant's country<br>- One year job experience for Nepalese candidates after Nepal Nursing Council registration<br>If NNC registration has already been obtained after PCL Nursing job experience will be counted from the date of issue of bachelor level transcript |
| 2 | MN/MSc (Adult Nursing/Medical Surgical Nursing) | |
| 3 | MN/MSc (Pediatric Nursing/Child health Nursing) | |
| 4 | MN/MSc (Psychiatric Nursing) | |
| 5 | MN/MSc (Community Health Nursing) | |
| 6 | MN in Critical care Nursing | |
| 7 | MSc Midwifery | |
| **F. MPharm** | | |

नेपाल सरकार
# चिकित्सा शिक्षा आयोग
(परीक्षा निर्देशनालय)

☎ ०१-६६३९४१४, ६६३९४१५, ६६३९४१६
एक्स्टेन्सन : ६३३, ६३४, ६३५
वेबसाइट : www.mec.gov.np
इमेल: entrance@mec.gov.np
सानोठिमी, भक्तपुर ।

पत्र संख्या :-
चलानी नं. :-

| S.N. | Academic Programs | Minimum Qualification |
|---|---|---|
| 1 | M Pharmacy/Master of clinical Pharmacy/Master of Pharmaceutical Sciences (Clinical Pharmacy)/Master of Science (MSc) in Pharmacy | - BPharm or equivalent<br>- Registered in respective Professional Council of applicant's country |
| 2 | Master of Pharmaceutical sciences (Natural Product chemistry) | |
| 3 | Master of Pharmacy (Industrial Pharmacy) | |
| 4 | Master of Pharmacy (Pharmaceutical Care)/Master of Pharmaceutical Sciences (Pharmaceutics) | |
| 5 | Master of Pharmacy (Pharmacognocy and Phytochemistry) | |
| 6 | Pharm D (Post Baccalaureate) | |
| 7 | Master of Pharmaceutical Chemistry | |
| **G.** | **MSc MIT** | |
| 1 | MSc MIT | - BSc MIT or equivalent<br>- Registered in respective Professional Council of applicant's country |
| **H. MSc Clinical / Medical Microbiology /Medical Biochemistry** | | |
| 1 | MSc Clinical /Medical Microbiology | - Bachelor degree in related subjects **or** BSc Medical Lab technology **or** BMLT **or** BSc Laboratory Medicine, MBBS/BDS **or** its equivalent<br>- Registered in respective Professional Council of applicant's country |
| 2 | MSc Clinical/Medical Biochemistry | |
| **I.** | **M Optometry** | |
| 1 | M Optometry | - Bachelor of Optometry (B Optom) degree or Bachelor of Optometry and Vision Science (B Optom) or BSc in Optometry (BSc Optom) or Doctor of Optometry (OD) or equivalent<br>- Registered in respective Professional Council of applicant's country |
| **J.** | **MPhil in Clinical Psychology** | |
| 1 | MPhil in Clinical Psychology | - MA/MSc degree in psychology **with clinical or counseling psychology** as special focus (papers in psychological assessment, psychopathology/abnormal psychology, counseling/psychotherapy) |
| **K.** | **Master in Physiotherapy** | |
| 1 | Master in Physiotherapy | - BPT or equivalent<br>- Registered in respective Professional Council of applicant's country |

नेपाल सरकार
चिकित्सा शिक्षा आयोग
(परीक्षा निर्देशनालय)

☎ ०१-६६३९४१४
६६३९४१५
६६३९४१६
एक्स्टेन्सन : ६३३, ६३४, ६३५
वेबसाइट : www.mec.gov.np
इमेल: entrance@mec.gov.np
सानोठिमी, भक्तपुर ।

पत्र संख्या :-
चलानी नं. :-

नेपाल सरकार चिकित्सा शिक्षा आयोग सानोठिमी, भक्तपुर

३. आवेदन शुल्क

| | |
|---|---|
| आवेदन शुल्क | नेपाली आवेदकका लागि रु. ५,०००/- (कार्डमार्फत भुक्तानी गर्दा लाग्ने थप सेवा शुल्क वाहेक)<br>विदेशी आवेदकका लागि रु. ८,०००/- (कार्डमार्फत भुक्तानी गर्दा लाग्ने थप सेवा शुल्क वाहेक) वा सो वरावरको रकम नेपाल वाहिरवाट रकम जम्मा गर्दा तोकिएको शुल्क निर्धारित समयभित्र आयोगको बैङ्क खातामा जम्मा भएको हुनुपर्नेछ । |
| शुल्क दाखिला गर्ने बैङ्क | हिमालयन बैङ्क लिमिटेड (Himalayan Bank Limited) |
| बैङ्क SWIFT Code | HIMANPKA |
| शुल्क जम्मा गर्न सकिने सेवा प्रदायकहरू | हिमालयन बैङ्कका शाखाहरू, ConnectIPS, eSewa, Khalti, Card Payment (अनलाइन माध्यमवाट शुल्क जम्मा गर्दा आयोगको फाराम भर्ने वेबपोर्टलबाट मात्र गर्नु पर्नेछ, **आयोगको खातामा रकम सिधै transfer गर्नुहुँदैन**) । |
| खातावालाको नाम | चिकित्सा शिक्षा आयोग, सानोठिमी (Medical Education Commission, Sanothimi) |

(क) बैङ्कमा रकम बुझाई (Counter Payment मार्फत) आवेदन शुल्क भुक्तानी गर्ने आवेदकले प्रत्येक शैक्षिक कार्यक्रमका लागि हिमालयन बैङ्कमा अलग अलग भौचर भरी रकम बुझाउनुपर्नेछ ।

(ख) आवेदन शुल्क बैंकमा नगद जम्मा गर्नेको हकमा भौचरको कारोबार नम्बर (transaction number- TRN) को अन्तिम छ ओटा डिजिट आवेदन फाराममा तोकिएको स्थानमा उल्लेख गर्नुपर्नेछ ।

(ग) आवेदन शुल्क बुझाई सकेपछि फिर्ता हुनेछैन ।

४. विदेशी उम्मेदवारहरूको आवेदन सम्बन्धी

(१) विदेशी विद्यार्थीका लागि छुट्याइएको सिटमा अध्ययन गर्न इच्छुक योग्यता पुगेका विदेशी उम्मेदवारहरूले समेत यसै सूचनामा उल्लिखित समयसिमाभित्र आफूले रोजेको शैक्षिक कार्यक्रम उल्लेख गरी अनलाइन आवेदन फाराम भर्नुपर्नेछ ।

नेपाल सरकार
# चिकित्सा शिक्षा आयोग
(परीक्षा निर्देशनालय)

☎ ०१-६६३९४१४, ६६३९४१५, ६६३९४१६
एक्स्टेन्सन : ६३३, ६३४, ६३५
वेबसाइट : www.mec.gov.np
इमेल: entrance@mec.gov.np
सानोठिमी, भक्तपुर ।

पत्र संख्या :-
चलानी नं. :-

(२) विदेशी उम्मेदवारले फाराम भर्दा निम्नानुसारका दुईमध्ये कुनै एकमात्र विकल्प रोजी आवेदन दिन पाइनेछ:

(क) आयोगबाट सञ्चालन हुने प्रवेश परीक्षामा सहभागी हुने **(Sub-category I : Foreign to appear MECEE-PG 2025),**

(ख) आयोगबाट सञ्चालित प्रवेश परीक्षामा सहभागी नभई आयोगमा सूचीकृत सम्वन्धित राष्ट्रको राष्ट्रियस्तरको पछिल्लो एकीकृत प्रवेश परीक्षामा सहभागी भई बुँदा (४) अनुसारको शर्त पूरा गर्ने **(Sub-category II : Foreign not to appear MECEE-PG 2025)** ।

(३) विदेशी विद्यार्थीका लागि छुट्याइएको सिटमा भर्नाका लागि म्याचिङ गर्दा आयोगबाट सञ्चालित प्रवेश परीक्षामा सहभागी भई विदेशी समूह (Foreign category) का योग्यताक्रममा रहेका **(Sub-category I : Foreign to appear MECEE-PG 2025)** उम्मेदवारलाई पहिलो प्राथमिकता हुनेछ।

(४) बुँदा २(क) उपसमुहका लागि बुँदा नम्बर (३) वमोजिम म्याचिङ पश्चात् रिक्त हुन आउने सिटमा म्याचिङ हुने शर्त मञ्जुर गरी प्रवेश परीक्षामा सहभागी नहुने तर सम्बन्धित राष्ट्रको यस आयोगमा सूचीकृत राष्ट्रियस्तरको पछिल्लो एकीकृत प्रवेश परीक्षाको प्राप्ताङ्कको आधारमा भर्ना हुनका लागि तोकिएकै समयावधिभित्र रितपूर्वक आवेदन गरेका परीक्षार्थीहरूको योग्यताक्रम अनुसार म्याचिङ गरिनेछ । यस बुँदा वमोजिम योग्यताक्रम निर्धारण गर्ने प्रयोजनका लागि विदेशी उम्मेदवारले सम्बन्धित राष्ट्रको पछिल्लो एकीकृत प्रवेश परीक्षाको नतिजामा न्यूनतम ५० औं पर्सेन्टाइल वा नतिजा प्रतिशत प्रणालीमा रहेको भएमा ५० प्रतिशत अङ्क प्राप्त गरेको प्रमाणपत्र दरखास्त पेश गर्दा अनिवार्य अपलोड गरेको हुनुपर्नेछ ।

(५) विदेशी उम्मेदवारहरूको बायोमेट्रिक विवरण परीक्षा केन्द्रमा लिइने छ । भौतिक उपस्थितिमा हुने म्याचिङ र भर्नाको समयमा समेत सो विवरणबाट सत्यापन गरिनेछ ।

(६) विदेशी उम्मेदवारहरूका लागि अङ्ग्रेजी भाषामा आयोगको वेबसाइटमा अलग्गै विस्तृत सूचना प्रकाशित गरिएको छ ।

## ५. प्रवेश परीक्षाको किसिम, समय, पूर्णाङ्क र उत्तीर्णाङ्क सम्बन्धी व्यवस्था

(१) प्रवेश परीक्षाको प्रश्नपत्र वस्तुगत र उत्तरपुस्तिका OMR Sheet हुनेछ । परीक्षा लिखित रूपमा सञ्चालन हुनेछ ।

नेपाल सरकार
# चिकित्सा शिक्षा आयोग
(परीक्षा निर्देशनालय)

☎ ०१-६६३९४१४
६६३९४१५
६६३९४१६
एक्स्टेन्सन : ६३३, ६३४, ६३५
वेबसाइट : www.mec.gov.np
इमेल: entrance@mec.gov.np

पत्र संख्या :-
चलानी नं. :-
सानोठिमी, भक्तपुर ।

(२) परीक्षाको समयावधि तीन घण्टा र पूर्णाङ्क २०० हुनेछ ।

(३) समान अङ्कभारका २०० वटा वहुबैकल्पिक प्रश्न हुनेछ ।

(४) प्रत्येक सही उत्तरका लागि एक अङ्क प्राप्त हुनेछ र गलत उत्तरका लागि ०.२५ का दरले अङ्क घटाइने छ ।

(५) एकीकृत प्रवेश परीक्षाको योग्यताक्रममा समावेश हुनका लागि न्यूनतम ५० औं पर्सेन्टाइल वा सोभन्दा माथि रहेको हुनुपर्नेछ ।

(६) बुँदा (५) मा जुनसुकै कुरा लेखिएको भएतापनि उपलब्ध सिट सङ्ख्याको दोब्वरभन्दा कम परीक्षार्थी परीक्षामा उपस्थित भएको अवस्थामा उक्त शैक्षिक कार्यक्रमका लागि ५०% वा सोभन्दा बढी अङ्क प्राप्त गर्ने उम्मेदवारलाई योग्यताक्रममा सामेल गर्न वाधा पर्ने छैन ।

## ६. अध्ययन अनुमति तथा सिफारिश

(१) सार्वजनिक शिक्षण संस्थामा स्नातकोत्तर तहमा अध्ययन गर्न चाहने सरकारी सेवामा कार्यरत स्वास्थ्यकर्मीले त्यस्तो तहमा अध्ययन गर्नको लागि नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट अध्ययन अनुमति/स्वीकृति पत्र लिई दरखास्त साथ पेश गर्नुपर्नेछ ।

(२) राष्ट्रिय चिकित्सा शिक्षा नियमावली, २०७७ (दोस्रो संशोधन सहित) को नियम १७ उपनियम (१) बमोजिम सरकारी सेवामा कार्यरत स्वास्थ्यकर्मी भन्नाले प्रचलित कानून बमोजिम गठन भएको नेपाल स्वास्थ्य सेवाको स्थायी पदमा कार्यरत, सैनिक प्राविधिक सेवाको सैनिक स्वास्थ्य समूह, प्रहरी सेवाको प्राविधिक प्रहरी समूह अन्तर्गतको स्वास्थ्य उपसमुह वा सशस्त्र प्रहरी सेवाको प्रहरी समूह अन्तर्गतको स्वास्थ्य उपसमूहको स्थायी पदमा कार्यरत, सरकारी विश्वविद्यालय वा प्रचलित कानून बमोजिम स्थापित प्रतिष्ठानको स्थायी पदमा स्थायी रुपमा कार्यरत, विकास समिति ऐन, २०१३ बमोजिम गठित संगठित संस्थाको स्थायी पदमा लोकसेवा आयोगले निर्धारण गरेको प्रक्रिया पूरा गरी नियुक्ति पाई स्थायी रुपले कार्यरत वा नेपाल स्वास्थ्य सेवाबाट प्रदेश वा स्थानीय तहमा समायोजन भई वा प्रदेश लोकसेवा आयोगबाट स्थायी नियुक्ति पाई प्रदेश सरकार वा स्थानीय तहको स्थायी पदमा कार्यरत स्वास्थ्यकर्मी सम्झनुपर्छ ।

(३) राष्ट्रिय चिकित्सा शिक्षा नियमावली, २०७७ (संशोधनसहित) नियम १६ उपनियम (१) बमोजिम अनुभव र दुर्गम क्षेत्रको काम गरेको अनुभवको प्रमाणित कागजात पेश गर्दा सम्बन्धित काउन्सिलमा नाम दर्ता भएपश्चातको विवरण मात्र पेश गर्नुपर्नेछ र अनुभव पेश गरेको स्वास्थ्य संस्थाको संघीय संरचना अनुसारको पूरा ठेगाना र भौगोलिक क्षेत्र खुलेको विवरण उल्लेख भएको हुनुपर्नेछ ।

☎ ०१-६६३९४१४
६६३९४१५
६६३९४१६
एक्स्टेन्सन : ६३३, ६३४, ६३५
वेबसाइट : www.mec.gov.np
इमेल: entrance@mec.gov.np
सानोठिमी, भक्तपुर ।

पत्र संख्या :-
चलानी नं. :-

(४) बिरामी, घाइते वा अपाङ्गता भएका व्यक्तिले आवश्यक अन्य सिफारिसको अतिरिक्त नेपाल मेडिकल काउन्सिलमा दर्ता भएको चिकित्सकबाट निज उम्मेदवार सो विषय अध्ययन गर्न सक्षम भएको प्रमाणित व्यहोरा सहितको सिफारिशपत्र अनलाइन आवेदन भर्दा नै पेश गर्नुपर्नेछ।

## ७. आवश्यक प्रमाणपत्र र कागजात

देहायका प्रमाणपत्र/कागजातहरूको सक्कल प्रतिको Scanned प्रति पेश गर्नुपर्नेछ । फोटोकपीको Scanned प्रति लाई मान्यता दिइने छैन ।

(१) आवेदन शुल्क बुझाएको भौचरको कारोवार नम्वर (transaction number- TRN) को अन्तिम छ ओटा डिजिट (नगद जम्मा गर्नेको हकमा) ।

(२) उम्मेदवारको हालसालै खिचिएको पासपोर्ट साइजको फोटोको Scanned प्रति ।

(३) नेपाली उम्मेदवारको हकमा नागरिकताको प्रमाणपत्र, राष्ट्रिय परिचय-पत्र तथा विदेशी उम्मेदवारको हकमा राहदानी वा इआधार कार्डको Scanned प्रति ।

(४) नेपाली आवेदकको हकमा स्वदेशमा अध्ययन गरेको भए स्नातक तहको प्रमाणपत्र, ट्रान्सक्रिप्ट तथा विदेशी बोर्ड/विश्वविद्यालयमा अध्ययन गरेकाको हकमा समकक्षताको प्रमाणपत्रको Scanned प्रति ।

(५) विदेशी आवेदकको हकमा ट्रान्सक्रिप्ट र प्रमाणपत्रको Scanned प्रति ।

(६) नेपाली आवेदकका लागि काउन्सिलमा दर्ता हुनुपर्ने समुहहरूको हकमा नेपालको सम्बन्धित काउन्सिलमा दर्ता भई म्याद कायम भएको प्रमाणपत्रको Scanned प्रति र विदेशी आवेदकका लागि आफ्नो राष्ट्रको सम्बन्धित काउन्सिलबाट जारी भई म्याद कायम भएको विशेषज्ञताको प्रमाणपत्रको Scanned प्रति ।

(७) खुलातर्फ अनुभव चाहिने समुहमा आवेदन दिने उम्मेदवारहरूले सम्बन्धित काउन्सिल दर्ता पश्चात् कम्तिमा एक वर्ष अनुभव पूरा गरेको प्रमाणित कागजातको Scanned प्रति ।

(८) सरकारी सेवामा कार्यरत स्वास्थ्यकर्मीले नेपाल सरकार, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयबाट प्रदान गरेको अध्ययन अनुमति/स्वीकृति पत्रको Scanned प्रति ।

(९) सरकारी सेवामा कार्यरत स्वास्थ्यकर्मीले अनुभव र दुर्गम क्षेत्रमा काम गरेको प्रमाणित कागजातको Scanned प्रति ।

(१०) नेपाल सरकारबाट छात्रवृत्ति प्राप्त गरी स्नातक तह अध्ययन गरेका उम्मेदवारको हकमा कबुलियतनामामा तोकिएबमोजिमको शर्त मिति २०८१/१०/२० गतेभित्र पूरा गरेको हुनु पर्ने र सोको प्रमाणित कागजातको Scanned प्रति मिति २०८१/१०/२१ गते अपरान्ह ५:००

☎ ०१-६६३९४१४
६६३९४१५
६६३९४१६
एक्स्टेन्सन : ६३३, ६३४, ६३५
वेबसाइट : www.mec.gov.np
इमेल: entrance@mec.gov.np
सानोठिमी, भक्तपुर ।

नेपाल सरकार चिकित्सा शिक्षा आयोग सानोठिमी, भक्तपुर

बजेभित्र आफ्नो प्रोफाइलमा अनिवार्य रूपमा अपलोड गर्नुपर्नेछ अन्यथा आवेदन फाराम रद्द गरिनेछ ।

(११) उम्मेदवारको फोटो, प्रमाणपत्र तथा कागजातको Scanned प्रतिको साइज र गुणस्तर देहायबमोजिम हुनुपर्नेछ ।

**आवेदकको फोटो (photo)**

(क) **Image file format:** The image must be in the JPEG format with good quality.
(ख) **Image file size:** The maximum image file size is 200KB (kilobytes).
(ग) **Image resolution:** Should NOT be crispy or blurry.

**प्रमाणपत्र (certificate) वा अन्य कागजात (document) को स्क्यान प्रति/फोटो**

(क) **File format:** JPEG वा PDF
(ख) **File size:** The maximum file size is 200KB for JPEG and 500KB for PDF.
(ग) **Resolution:** Should NOT be crispy or blurry.

**८. अनलाइन आवेदन फाराम भर्नका लागि प्रोफाइल तयार पार्ने र आवेदन फाराम पेश गर्ने तरिका**

अघिल्लो वर्ष सञ्चालित एकीकृत प्रवेश परीक्षामा आवेदन भरेका उम्मेदवारहरूले प्रोफाइल रजिष्टर गर्दा राखेको User ID र Password प्रयोग गरी सोही प्रोफाइलमार्फत आफ्ना विवरणहरू अद्यावधिक गरी तथा नयाँ उम्मेदवारहरूले तपसिलबमोजिम Account तथा प्रोफाइल तयार पारी देहायका प्रक्रिया अनुसार आवेदन दिनुपर्नेछ ।

<u>तपसिल</u>

उम्मेदवारले सर्वप्रथम आफ्नो इमेल आइडी र पासवर्ड प्रयोग गरी प्रोफाइल बनाउनु पर्नेछ र यो प्रोफाइल चिकित्सा शिक्षा आयोगको एकीकृत प्रवेश परीक्षा दिनका लागि सधैंलाई प्रयोग हुनेछ ।

(१) Account तथा प्रोफाइल तयार पार्ने प्रक्रियाः

(क) आवेदन फाराम भर्नका लागि सर्वप्रथम चिकित्सा शिक्षा आयोगको वेबसाइट https://mec.gov.np मा प्रवेश गरी सबैभन्दा माथि रहेको Online Application लेखिएको स्थानमा क्लिक गर्नुपर्दछ । त्यसपछि खुल्ने पेजको दाया रहेको Login बटनमा क्लिक गरी खुल्ने रजिस्टर पेजमा Don't have an account ? Register here लिङ्कमा क्लिक गर्नुपर्दछ ।

अथवा,

वेवब्राउजरमा https://entrance.mec.gov.np टाइप गरी Login बटनमा क्लिक गरी खुल्ने रजिस्टर पेजमा Don't have an account ? Register here लिङ्कमा क्लिक गर्नुपर्दछ।

नेपाल सरकार
# चिकित्सा शिक्षा आयोग
(परीक्षा निर्देशनालय)

☎ ०१-६६३९४१४, ६६३९४१५, ६६३९४१६
एक्स्टेन्सन : ६३३, ६३४, ६३५
वेबसाइट : www.mec.gov.np
इमेल: entrance@mec.gov.np
सानोठिमी, भक्तपुर ।

पत्र संख्या :-
चलानी नं. :-

(ख) यसपछि खुल्ने पेजमा नेपाली आवेदकको हकमा Nationality मा Nepalese र विदेशी आवेदकको हकमा Foreign मा क्लिक गरी आफ्नो Full Name, Email, Contact Number, Password, Confirm Password भरेर Register बटनमा क्लिक गरी आफ्नो युजर बनाउनु पर्नेछ।

(ग) आफूले उल्लेख गरेको इमेल ठेगानामा इमेल आइडी भेरिफिकेसन (verification) का लागि इमेल आउनेछ । आफ्नो इमेल आइडी Login गरी Click here to verify लिङ्कमा क्लिक गरेपछि प्रोफाइल रजिष्टर गर्दा राखेको इमेललाई User Name को वक्समा र पासवर्डलाई Password वक्समा राखेर Login बटनमा क्लिक गर्नुपर्नेछ।

(घ) पहिलो पटक आफ्नो प्रोफाइल Login गर्दा अनलाइन आवेदन फाराम भर्ने प्रणालीमा आफ्नो इमेल भेरिफिकेसन (email verification) नभएको भए Please verify your email to continue भन्ने सन्देश देखिनेछ र दर्ता गरिएको इमेल ठेगानामा प्राप्त भएको इमेल सन्देशको लिङ्कमा क्लिक गरी इमेल आइडी भेरिफिकेसन गर्नुपर्नेछ । यदि रजिस्टर गरेको इमेल आइडीमा भेरिफिकेसन सन्देश नआएको खण्डमा आफ्नो आवेदन फाराम भर्ने प्रोफाइलमा Login गरी Please verify your email to continue भन्ने सन्देशसँगै रहेको रिसेण्ड (Resend) बटनमा क्लिक गरी इमेल आइडीमा गई माथिको प्रक्रिया अनुसार आफ्नो इमेल आइडी भेरिफाइ गर्नुपर्नेछ।

(ङ) इमेल आइडी भेरिफाइ भईसकेपछि चिकित्सा शिक्षा आयोगको एकीकृत प्रवेश परीक्षाको अनलाइन प्रणालीमा पुनः Login गरेर मुख्य ड्यासबोर्ड (dashboard) मा क्लिक गर्नुपर्नेछ।

(च) पहिलो पटक प्रोफाइल तयार गर्दा निर्धारित शुल्क भुक्तानी गरेपछिमात्र अन्य विवरण भर्न सकिने भएकाले शुल्क भुक्तानीका लागि Make Payment बटनमा क्लिक गर्नुपर्नेछ।

(छ) यसपछि सूचनामा उल्लेख भएका सबै शैक्षिक कार्यक्रमहरूको सूची देखापर्छ । न्यूनतम योग्यता पुगेका शैक्षिक कार्यक्रमहरूको शुरूमा रहेको चेकवक्समा क्लिक गरी आफूले फाराम भर्न चाहेका कार्यक्रमहरू छनौट गर्नुपर्नेछ । कार्यक्रमगत रूपमा भुक्तानी गर्नुपर्ने जम्मा रकम आफूले छनौट गरेको शैक्षिक कार्यक्रमको तलतिर देखिने छ । आफूले भुक्तानी गर्न चाहेको कुनै एउटा भुक्तानीको माध्यम (Mode of payment) बटनमा क्लिक गरी शुल्क भुक्तानी गर्नुपर्नेछ । बैङ्कको शाखामा नगद जम्मा गर्ने भएमा प्रत्येक शैक्षिक कार्यक्रमको दाँयातर्फ रहेको Update counter payment voucher

नेपाल सरकार
# चिकित्सा शिक्षा आयोग
(परीक्षा निर्देशनालय)

☎ ०१-६६३९४१४, ६६३९४१५, ६६३९४१६
एक्स्टेन्सन : ६३३, ६३४, ६३५
वेबसाइट : www.mec.gov.np
इमेल: entrance@mec.gov.np
सानोठिमी, भक्तपुर ।

पत्र संख्या :-
चलानी नं. :-

वटनमा क्लिक गरी भौचर नम्बरको अन्तिम छ वटा डिजिट र बैङ्क भौचरमा उल्लेख गरेको मोबाइल नम्बर राखी Submit वटन क्लिक गर्नुपर्नेछ ।

(ज) शुल्क भुक्तानी गरिसकेपछि Dashboard मा रहेको Start Registration मेनुमा क्लिक गरेर आफ्नो व्यक्तिगत विवरण र सोसँग सम्वन्धित कागजातहरू संलग्न गरी Save and continue बटनमा क्लिक गर्नुपर्नेछ ।

(झ) Qualifications खण्डमा शैक्षिक विवरण र सोसँग सम्वन्धित कागजातहरू राखी Save and continue बटनमा क्लिक गरी सुरक्षित गर्नुपर्नेछ ।

(ञ) प्रोफाइलको Professional Council खण्डमा रहेको Add New वटनमा क्लिक गरी आफ्नो काउन्सिल रजिस्ट्रेसनको कागजात सहित विवरणहरू उल्लेख गरी काउन्सिल रजिस्ट्रेसनको विवरण सुरक्षित गर्नुपर्नेछ (आवश्यक पर्नेको हकमा मात्र) ।

(ट) Experience खण्डका विवरणहरू अनिवार्य रूपमा भर्नुपर्नेछ ।

(ठ) आफ्नो प्रोफाइल तयार भईसकेपछि फाराम पेश (Submit) नगरेसम्म विवरण तथा कागजातहरू थप गर्न वा सच्याउन सकिनेछ ।

(ड) सवै विवरणहरू भरी कागजात अपलोड गरिसकेपछि आफूले भरेका प्रत्येक कार्यक्रमका फाराम पेश (submit) गर्नुपर्नेछ । फाराम पेश (submit) गरे पश्चात् Download Confirmation Page देखा पर्नेछ उक्त बटन क्लिक गरी फाराम पेश गरेको Confirmation Page डाउनलोड गरी सुरक्षित राख्नु पर्नेछ अन्यथा फाराम पेश (Submit) भएको मानिने छैन् ।

(२) आवेदन फाराम पेश गर्ने प्रक्रियाः

(क) आवेदन पेश गर्नका लागि Dashboard मेनुमा रहेको Submit Program Application मा क्लिक गरी आवेदन दिन चाहेको शैक्षिक कार्यक्रममा रहेको Apply मा क्लिक गरेर सबै विवरण रुजु गरी आफूले आवेदन दिन चाहेको समूहमा अनिवार्य Tick लगाएर अन्त्यमा रहेको Save and Submit Application मा क्लिक गर्नु पर्नेछ ।

(ख) आफ्नो फाराम पेश भएपश्चात् त्यसको जानकारी प्रोफाइलमा देखापर्छ । कुनै विवरण नमिलेको भए error म्यासेज देखापर्नेछ र आफ्नो विवरण पुनः रुजु गरी माथिकै प्रक्रियावाट पुनः फाराम पेश गर्नुपर्नेछ ।

(ग) फाराम पेश (submit) गरिसकेपछि In Progress भनेर Status अपडेट हुन्छ यसपछि कुनैपनि विवरण सच्याउन सकिने छैन ।

☎ ०१-६६३९४१४
६६३९४१५
६६३९४१६
एक्स्टेन्सन : ६३३, ६३४, ६३५
वेबसाइट : www.mec.gov.np
इमेल: entrance@mec.gov.np
सानोठिमी, भक्तपुर ।

पत्र संख्या :-
चलानी नं. :-

(घ) Dashboard मेनुमा रहेको Submit Program Application मा क्लिक गरेपछि खुल्ने पेजमा रहेको Download Confirmation Page बाट Confirmation Page डाउनलोड गर्न सकिनेछ । Confirmation Page नदेखिएसम्म फाराम submit भएको हुने छैन।

९. परीक्षा केन्द्र

परीक्षा केन्द्र काठमाडौं उपत्यकाभित्र हुनेछ । परीक्षा केन्द्रसम्वन्धी विवरण प्रवेशपत्रमा उल्लेख गरिनेछ ।

१०. प्रवेशपत्र

आवेदन फाराम स्वीकृत भएका उम्मेदवारहरूले आफ्नो प्रोफाइल मार्फत निम्न प्रक्रिया पूरा गरी प्रवेश परीक्षा हुने दिनभन्दा पाँच दिन अघिबाट प्रवेश पत्र प्राप्त गर्न सकिनेछः

(क) आयोगको अनलाइन दरखास्त प्रणाली https://entrance.mec.gov.np मा Browse गरी आफ्नो प्रोफाइल लगइन (Profile login) गर्ने,

(ख) **Application** menu मा क्लिक गर्ने,

(ग) **MECEE-PG 2025** को **View details** बटनमा क्लिक गर्ने,

(घ) आफूले फाराम भरेको Program को **Download Admit Card** बटनमा क्लिक गरी प्रवेश पत्र डाउनलोड गर्ने,

(ङ) डाउनलोड भएको प्रवेश पत्रलाई रंगिन (color) प्रिन्ट गर्ने ।

११. प्रवेश परीक्षा सञ्चालनसम्बन्धी व्यवस्था

(क) प्रवेश परीक्षा दिन आउँदा रंगिन प्रवेश पत्र र आवेदन फाराम साथ पेश गरेको परिचयपत्र (नेपाली आवेदकको हकमा सक्कल नागरिकताको प्रमाणपत्र, राष्ट्रिय परिचय-पत्र र विदेशी आवेदकको हकमा राहदानी वा ई-आधारकार्ड) अनिवार्य रूपमा ल्याउनु पर्नेछ । उक्त कागजातहरूको फोटोकपीलाई मान्यता दिइने छैन । उल्लिखित कागजातहरू नल्याउने परीक्षार्थीलाई परीक्षामा सामेल गराइने छैन ।

(ख) प्रत्येक परीक्षार्थीको आवश्यक सुरक्षा जाँच गरिने हुँदा परीक्षा शुरू हुने समयभन्दा दुई घण्टा अगावै परीक्षा केन्द्रमा उपस्थित हुनुपर्नेछ । परीक्षार्थीको आवश्यक सुरक्षा जाँच परीक्षा केन्द्रभित्र प्रवेश गर्नुभन्दा अघि र पछि पनि गर्न सकिनेछ ।

(ग) परीक्षा केन्द्रमा परीक्षार्थीहरूको बायोमेट्रिक विवरण सङ्कलन गरिनेछ ।

(घ) परीक्षार्थीको कान तथा चश्मा पनि जाँच गर्न सकिनेछ । पावर चश्मा बाहेक अन्य कुनै खालको चश्मा साथै हेयरिङ एडसमेत लगाउन पाइने छैन ।

☎ ०१-६६३९४१४
६६३९४१५
६६३९४१६
एक्स्टेन्सन : ६३३, ६३४, ६३५
वेबसाइट : www.mec.gov.np
इमेलः entrance@mec.gov.np
सानोठिमी, भक्तपुर ।

पत्र संख्या :-
चलानी नं. :-

(ङ) परीक्षार्थीहरूले क्यालकुलेटर, पेजर, मोबाइल फोन, ब्लूटुथ, आइप्याड, ट्यावलेटका साथै अन्य कुनैपनि विद्युतीय उपकरण एवम् ब्याग, वालेट, पर्स, घडी, टिपेक्स लगायतका अन्य सामग्रीहरू परीक्षा केन्द्रमा लैजान तथा कुनैपनि गरगहनासमेत लगाउन पाइने छैन ।

(च) प्रवेश परीक्षा शुरू भएको १५ मिनेटपछि आउने परीक्षार्थीलाई परीक्षा हलमा प्रवेश गर्न दिइने छैन ।

(छ) परीक्षार्थीलाई आवश्यक पर्ने कालो रङ्गको मसी भएको कलम परीक्षा हलमा उपलव्ध गराइनेछ र सोही कलम प्रयोग गरी परीक्षा दिनुपर्नेछ ।

(ज) उत्तरपुस्तिका (OMR Sheet) मा आफूलाई सही लागेको उत्तरको गोलो घेरा (bubble) भित्र दिइएको कलमले पुरै भर्नुपर्नेछ । खुर्केको, केरमेट गरेको, च्यातिएको उत्तरहरूको कुनै अङ्क प्राप्त हुने छैन् ।

(झ) निर्धारित तीन घण्टा समय समाप्त भएपछि मात्र परीक्षार्थीलाई परीक्षा हलबाट वाहिर जान दिइनेछ ।

(ञ) नक्कली परीक्षार्थी खडा गरी परीक्षा दिएमा वा दिने प्रयास गरेको पाइएमा त्यस्ता परीक्षार्थीको परीक्षा रद्द गरी कानुनी कारबाही गरिनेछ ।

(ट) परीक्षाको मर्यादा विपरित कार्य गर्ने गराउने व्यक्तिलाई प्रचलित कानुनबमोजिम कारवाही गरिनेछ ।

(ठ) छात्रवृत्तिमा अध्ययन गरेका उम्मेदवारले तोकिएबमोजिमको कबुलियतनामा पुरा नगरी आवेदन गरेको पाइएमा त्यस्ता उम्मेदवारको जुनसुकै अवस्थामा परीक्षा रद्द गरी कानुनी कारवाही गरिनेछ ।

## १२. नतिजा प्रकाशन, म्याचिङ तथा भर्ना प्रक्रिया

(क) प्रवेश परीक्षाको नतिजा सरकारी, खुला तथा विदेशी समूहको अलग अलग योग्यताक्रम समेत कायम गरी प्रकाशित गरिनेछ ।

(ख) प्रवेश परीक्षाको नतिजा प्रकाशन पश्चात अनलाइन प्रणाली मार्फत शिक्षण संस्था/शैक्षिक कार्यक्रमको प्राथमिकता निर्धारण गर्न (online priority setting) का लागि सूचना प्रकाशित गरिने छ । प्राथमिकता निर्धारण नगर्ने उम्मेदवारलाई समापन म्याचिङ (wrap-up matching) बाहेक अन्य म्याचिङमा समावेश गरिने छैन ।

(ग) म्याचिङसम्बन्धी सूचना प्रवेश परीक्षाको नतिजा पश्चात् प्रकाशन गरिनेछ ।

(घ) विदेशी विद्यार्थीहरूको लागि छुट्याइएको सिटमा सो समूहको प्रवेश परीक्षाको योग्यताक्रममा रहेका उम्मेदवारहरूको शिक्षण संस्था र शैक्षिक कार्यक्रमको छनौट गर्न Biometric Verification सहित भौतिक उपस्थितिमा Open House Matching गरिनेछ ।

(ङ) उम्मेदवार स्वयमले अनलाइन प्रणाली मार्फत तोकिएको समयमा निर्धारण गरेको प्राथमिकता साथै सम्बन्धित समूह र शिक्षण संस्थामा उपलब्ध सिटवमोजिम उम्मेदवारको योग्यताक्रम अनुसार चिकित्सा शिक्षा एकीकृत प्रवेश परीक्षा तथा विद्यार्थी भर्नासम्बन्धी कार्यविधि, २०७९ (पहिलो संशोधन) को आधार र प्रक्रिया पूरा गरी आयोगको वेबसाइटमा भर्ना सूची प्रकाशन गरिनेछ ।

(च) विदेशी समूहको म्याचिङ पहिला गरिनेछ । विदेशी विद्यार्थीका लागि छुट्याइएका सिटहरू उक्त समूहहरूको भर्ना पश्चात् रिक्त हुन गएमा खुला/सशुल्कतर्फका सिटमा परिणत गरिनेछ।

(छ) प्रवेश परीक्षाको नतिजामा जुन समूहको योग्यताक्रममा रहेको छ सोही समूहका लागि छुट्याइएको सिटमामात्र म्याचिङमा सहभागी हुन पाइनेछ ।

(ज) म्याचिङ भई छनौट भएका उम्मेदवारले भर्नाका लागि विश्वविद्यालय/प्रतिष्ठान/वोर्डले तोकेवमोजिम सक्कलै प्रमाणपत्र/कागजात र सोको फोटोकपी पेश गर्नुपर्नेछ ।

(झ) म्याचिङ तथा विद्यार्थी भर्नासम्बन्धी प्रक्रिया चिकित्सा शिक्षा एकीकृत प्रवेश परीक्षा तथा विद्यार्थी भर्ना सम्बन्धी कार्यविधि, २०७९ (पहिलो संशोधन) बमोजिम हुनेछ ।

(ञ) कुनै उम्मेदवारले प्रवेश परीक्षा र भर्ना प्रक्रियामा झुठा विवरण पेश गरी भर्ना भएको रहेछ भने कुनै पनि समयमा निजको भर्ना रद्द हुन सक्नेछ ।

## १३. कबुलियतनामा

राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा १८ को उपदफा (३) मा भएको व्यवस्था अनुसार सरकारी शिक्षण संस्थामा सञ्चालन हुने चिकित्सा शिक्षा स्नातकोत्तर तहमा नेपाली विद्यार्थीका लागि निःशुल्क हुने व्यवस्था भएको हुनाले सरकारी शैक्षिक संस्थामा मनोनयन हुने नेपाली विद्यार्थीले भर्नाका बखत राष्ट्रिय चिकित्सा शिक्षा नियमावली, २०७७ (संशोधनसमेत) को अनुसूची - ६ बमोजिमको कबुलियतनामा गर्नुपर्ने छ ।

नेपाल सरकार
# चिकित्सा शिक्षा आयोग
(परीक्षा निर्देशनालय)

☎ ०१-६६३९४१४, ६६३९४१५, ६६३९४१६
एक्स्टेन्सन : ६३३, ६३४, ६३५
वेबसाइट : www.mec.gov.np
इमेल: entrance@mec.gov.np
सानोठिमी, भक्तपुर ।

पत्र संख्या :-
चलानी नं. :-

१४. विविध

(क) प्रवेश परीक्षामा सम्मिलित हुन आवेदन दिनका लागि बनाइएको परीक्षार्थीको व्यक्तिगत प्रोफाइलमा पटकपटक Login गरी उपयोग गर्नुपर्ने भएको हुनाले Login गर्ने पासवर्ड गोप्य र सुरक्षितसाथ राख्नु पर्नेछ ।

(ख) आवेदकले आफ्नो प्रोफाइलबाट परीक्षा आवेदन कन्फर्मेसन पेज, परीक्षा प्रवेशपत्र, स्कोरकार्ड, भर्ना कार्ड लगायतका विवरणहरू प्रोफाइलको सम्बन्धित डाउनलोड बटनमा क्लिक गरी सुरक्षित राख्नु पर्नेछ ।

(ग) परीक्षा निर्देशनालयमा निवेदन वा पत्राचार वा इमेल आदानप्रदान गर्दा परीक्षा रोल नम्बर कायम नहुँदासम्म कार्यक्रम, नाम मोबाइल नम्बर, भौचर नम्बर र परीक्षा रोल नम्बर कायम भएपछि रोल नम्बर लगायतका परीक्षार्थी पहिचानका व्यक्तिगत विवरणहरू अनिवार्यरूपमा उल्लेख गर्नुपर्नेछ । एकै व्यक्तिले पटक पटक इमेल गर्नु परेमा पहिलाकै इमेल थ्रेडमा रिप्लाइ वा फर्वाड गरी लेख्नु पर्नेछ । यस प्रवेश परीक्षासँग सम्बन्धित अत्यावश्यक विषयमा इमेलमार्फत पत्राचार गर्दा निर्देशनालयको इमेल ठेगाना entrance@mec.gov.np मा गर्नुपर्नेछ ।

(घ) विषयगत सिट विवरण पछि प्रकाशन गरिनेछ ।

(ङ) स्वास्थ्य तथा जन संख्या मन्त्रालयको पुर्व अनुमति/स्वीकृति पत्रमा उल्लेख भएको विषयमा मात्र म्याचिङ गरिनेछ ।

(च) विगत वर्षहरूमा छात्रवृत्तिमा भर्ना भई प्रचलित कानून बमोजिमको प्रक्रिया पूरा नगरी वीचैमा पढाई छाडेका उम्मेदवारहरूलाई एकीकृत प्रवेश परीक्षा/म्याचिङ प्रक्रियामा सहभागी गराइने छैन् ।

(छ) देहायको क्युआर कोड स्क्यान गरेर परीक्षा आवेदन फाराम भर्नका लागि आयोगले सञ्चालनमा ल्याएको वेबपोर्टल र पाठ्यांश (syllabus) को पेजमा जान सकिनेछ ।

फाराम भर्ने पोर्टल

पाठ्यांश पोर्टल

नेपाल सरकार
# चिकित्सा शिक्षा आयोग
(परीक्षा निर्देशनालय)

☎ ०१-६६३९४१४
६६३९४१५
६६३९४१६
एक्स्टेन्सन : ६३३, ६३४, ६३५
वेबसाइट : www.mec.gov.np
इमेल: entrance@mec.gov.np

पत्र संख्या :-
चलानी नं. :-

सानोठिमी, भक्तपुर ।

द्रष्टव्य:

(क) आयोगबाट तोकिएको म्यादभित्र पेश नभएको वा योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको ढाँचा अनुसार नभएको दरखास्त स्वीकृत गरिने छैन ।

(ख) दरखास्तसाथ संलग्न प्रमाणपत्र तथा कागजातहरू यस सूचनामा मिति उल्लेख भएकोमा सोही मितिभित्र र नभएकाको हकमा दरखास्त दिने अन्तिम मितिभित्र पेस गरेको हुनुपर्नेछ ।

(ग) परीक्षा रोल नम्बर र प्रश्नपत्रको सेट सही रूपमा बबल नगरिएका उत्तरपुस्तिका रद्द गरिनेछ ।

(घ) आवेदन फाराम भर्दा कुनै समस्या आइपरेमा आयोगको टेलिफोन नम्बर ०१-६६३९४१३ मा कार्यालय समयभित्र सम्पर्क गरी आवश्यक सहयोग लिन सकिनेछ ।

(ङ) सिट सम्बन्धी विवरण आयोगको वेबसाइटमा प्रकाशन गरिनेछ ।

(च) परीक्षार्थीले प्रवेश पत्रमा उल्लेख भएका सम्पूर्ण विवरणहरू अध्ययन गरी पालना गर्नुपर्नेछ ।

(छ) अनलाइन फाराम र प्रवेश परीक्षा शुल्क तिरेको भौचरमा परीक्षार्थी स्वयमको एउटै मोबाइल नम्बर उल्लेख गरेको हुनुपर्नेछ ।

(ज) आयोगबाट प्रकाशित अनलाइन आवेदन फाराम भर्ने सूचनालाई अध्ययन गरेर मात्र आवेदन फाराम भर्नुपर्नेछ ।

(झ) एकभन्दा बढी पाना भएका प्रमाणपत्र वा कागजातको हकमा सबै पानाको विवरण आउने गरी सक्कल कागजातवाटै फोटो खिची वा स्क्यान गरी एउटै पिडिएफ बनाई अपलोड गर्नुपर्नेछ ।

(ञ) एकभन्दा बढी कार्यक्रमका लागि आवेदन दिने उम्मेदवारले परीक्षा तालिकाबमोजिम परीक्षा नजुध्ने गरी फाराम भर्न सकिनेछ ।

(ट) एकभन्दा बढी शैक्षिक कार्यक्रमका लागि आवेदन फाराम भर्ने उम्मेदवारहरूले सबै कार्यक्रमहरूमा एउटै व्यक्तिगत विवरण, हस्ताक्षर, मोबाइल नम्बर र फोटो पेश गर्नुपर्नेछ ।

(ठ) प्रत्येक शैक्षिक कार्यक्रमका लागि छुट्टाछुट्टै योग्यताक्रम र म्याचिङ गरिनेछ तर कुनै उम्मेदवार कुनै एक शैक्षिक कार्यक्रममा म्याचिङ भई भर्ना भइसके पश्चात् अन्य सबै कार्यक्रमको म्याचिङ प्रक्रियाबाट हटाइनेछ ।

(ड) एकीकृत प्रवेश परीक्षाको पाठ्यक्रम आयोगको वेबसाइटबाट प्राप्त गर्न सकिनेछ ।

(ढ) दरखास्त फारामको महलहरूमा उल्लेख भएबमोजिमका विवरणहरू स्पष्ट खुलाउनुपर्नेछ ।

(ण) दरखास्तमा उल्लेख गरेको विवरणको सम्बन्धमा उम्मेदवार स्वयम् पूर्ण जवाफदेही हुनुपर्नेछ ।

(त) आयोगवाट सञ्चालन हुने एकीकृत प्रवेश परीक्षा, म्याचिङ, भर्ना लगायतका विषयहरूमा थप जानकारी लिनको लागि आयोगको वेबसाइट https://mec.gov.np मा प्रवेश गरी राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५, राष्ट्रिय चिकित्सा शिक्षा नियमावली, २०७७ (संशोधनसहित), चिकित्सा शिक्षा एकीकृत प्रवेश परीक्षा तथा विद्यार्थी भर्नासम्बन्धी कार्यविधि (पहिलो संशोधन), २०७९ लगायतका कानुनी दस्तावेजहरू, आयोगबाट प्रकाशित सूचनाहरू अध्ययन गर्नुका साथै विभिन्न जानकारीमूलक भिडियोहरूसमेत हेर्नुहुन अनुरोध छ ।

२०७९/०८/१२

मञ्जु अधिकारी
उपसचिव